# आत्मामा नम्र बन्नुहोस् ।

**Pastor S. James**

**August 11th, 2022**

***प्रार्थना***

*प्रभु धन्यबाद , धन्यबाद ,धन्यबाद प्रभु तपाइको यो बचन तपाइको भयमा हामीले पढ्न सकौ । पबित्र आत्मा हाम्रो शिक्षक तपाइ हुनुहुन्छ तपाइलाइ हामी आदर , इज्जत भक्ति चढाउछौ । अन्त को दिनहरुमा खडा हुनको लागी यो खराब दिनहरुमा खडा हुनका लागी सैतानको युक्तिहरुको बिरुद्धमा खडा हुनको लागी अन्धकारको बिरुद्धमा खडा हुनको लागी हामीलाइ सामर्थले भर्नुहोस् । हामीलाइ तपाइको मार्गको शिक्षा चाहिन्छ प्रभु । तपाइको शिक्षा पाएर धैर्य साथ खडा हुनको लागी सामर्थ ले भर्नुहोस् प्रभु यो सबै बिन्ति प्रार्थना येशु प्रभुको नाममा आमेन ।*

युहन्ना १:१७ [17] मोशाबाट व्यवस्था प्रदान गरिएको थियो तर अनुग्रह र सत्यको बाटो येशू ख्रीष्टबाटै आयो।

पुरानो करार मा मोशा बाट ब्यबस्था आयो र नया करारमा येशु द्धारा अनुग्रह आयो ।

१ कोरन्थी ३:१०-११ [10] परमेश्वरले दिएका पुरस्कारकै आधारमा मैले एउटा सिपालू बढाइले झैं एउटा घरको जग बसालेको छु। अरूहरूले त्यसै जंगमाथि घर बनाउँदैनन्। तर प्रत्येक व्यक्तिले कसरी बनाउँछ, त्यस बारेमा उसले सोच्नु पर्छ।
[11] जग बसालिसकिएको छ। कसैले अर्को जग बासाल्न सक्ने छैन। बसाली सकिएको त्यो जग येशू ख्रीष्ट हुनुहुन्छ।

यहाँ दुइ वटा कुरा लेखेको छ । एउटा जगको बारेमा र अर्को जगको माथि बनाउने घरको बारेमा एउटै जग छ त्यो हो येशु मशिहले गरेको काम १युहन्ना को १७ मा पढे अनुसार दुइ वटा जग हुन सक्छ । एउटा जग ब्यबस्था माथि बनाइन्छ त्यो ढल्छ । धेरै जना ब्यबस्थामा फर्कर जादैछन् त्यो ब्यबस्था माथि बनाएको घर ढल्छ । एउटै जग मात्र असल छ त्यो हो येशु माथि बसालिएको घर । येशु अनुग्रह र सत्य लिएर आउनु भयो । येशु मशिह को शिक्षा , उहाँ को काम माथि हामीले घर बनाउनु पर्छ । नयाँ करार को सुरुवात येशुको पुनरुत्थान भएको दिन देखी हो ।

युहन्ना २०:२२ [22] यती भनिसके पछि, येशूले चेलाहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ।"

चेलाहरु माथि येशुले पबित्र आत्मा फुकिदिनु भयो ,त्यो पबित्र आत्मा लिए र उनीहरु आत्मामा जन्मे । त्यो पबित्र आत्मा अनुग्रह र सत्यको आत्मा हो । अनुग्रह र सत्य को आत्मा द्धारा हाम्रो जन्म भएको छ । त्यसैले हामी अगाडि बढ्दा अनुग्रह र सत्य दुबैमा अगाडि बढ्नु पर्छ । पबित्र आत्माको मुख्य काम पुरानो नियममा अब्राहाम द्धारा भनेको प्रतिज्ञा अहिले सफल भएको छ । त्यो प्रतिज्ञा गलाति ३ को १४ मा भनेको अनुसार पबित्र आत्मा आए पछि पबित्र आत्माको बरदान पाउछ । पुरानो नियमको मान्छेमा पबित्र आत्मा माथि मात्र आएको थियो तर नयाा नियमको मान्छेको माथि पबित्र आत्मा भित्र आएको छ । परमेश्वरको राज्यमा प्रवेस गर्नको लागी आत्मामा जन्मनु पर्छ । आत्माको मुख्य कामहरु

रोमी ८:२९ [29] यो संसार बनाउन भन्दा अघिदेखि नै परमेश्वरले ती मानिसहरूलाई जान्नु हुन्थ्यो।अनि परमेश्वरले तिनीहरू आफ्नै पुत्र जस्तै होउन् भन्ने निर्णय गर्नुभयो। त्यसैकारण येशू धेरै दाज्यू-भाइहरू र दिदी-बहिनीहरूमा जेठो हुनुभयो।

येशु को बाहिरी रुप कस्तो थियो बचनमा लेखेकै छैन । येशु को भित्रको रुप कस्तो थियो त्यो बचनमा लेखिएको छ । त्यसैले बाहिर को कुरा होइन हामी भित्र येशुको जस्तै गुणले भरीएको हुनुपर्छ । त्यसैले पबित्र आत्मा भित्र देखी काम गर्नुहुन्छ ।

रोमी ८:२६-२७ [26] आत्माले नै हामीलाई हाम्रो कमजोरीमा सहायता गर्नुहुन्छ। हामीले कसरी प्रार्थना गर्नु पर्ने हो! जान्दैनौं। तर आत्माले गंभीर भावले परमेश्वरसँग हाम्रो पक्षमा प्रार्थना गरिदिनुहुनेछ जुन शब्दहरूमा वर्णन गर्न सकिँदैन।
[27] परमेश्वरले हाम्रो हृदयमा के छ बुझ्न सक्नु हुन्छ किनभने आत्मा मानिसहरूका लागि परमेश्वरसँग उहाँकै इच्छाले बोल्नु हुन्छ।

कति चोटि हाम्रो कमजारी हामीलाइ पनि थाहाँ हुदैन तर पबित्र आत्मालाइ थाहाँ हुन्छ । आत्मामा जन्मेको नयाँ करारको एउटा बिश्वासी को सबै भन्दा मुख्य भाग उसको प्रार्थना को जीवन हो । जब उसको जीवनमा आत्मा आउनुहुन्छ तब उसको प्रार्थनाको जीवननै बदल्छ । हामीलाइ परमेश्वरको सामान्य इच्छा मेरो लागी के हो? हामी सबैलाइ थाहाँ छ तर परमेश्वरको बिशेष इच्छा मेरो लागी हामीलाइ थाहाँ हुदैन त्यो इच्छा आत्मालाइ मात्र थाहाँ हुन्छ । हामी उत्तराधिकारी भएको कारणले हामीलाइ परमेश्वरको साधारण र बिशेष दुबै इच्छा पुरा गर्नु पर्छ ।

१ कोरन्थी ३:१६-१७ [16]तिमीहरूले बुझ्नु पर्छ कि तिमीहरू परमेश्वरका मन्दिर हौ। तिमीहरूभित्र परमेश्वरको आत्माले बास गर्छ।
[17]यदि कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यस व्यक्तिलाई नष्ट गर्नु हुनेछ। किन? किनभने परमेश्वरको मन्दिर पवित्र हुन्छ। तिमीहरू स्वयं परमेश्वरको मन्दिर हौ।

हाम्रो शरीरमा प्राण , आत्मा सबै यस शरीरमा छ। पापले मैला बनाएको यो शरीर पबित्र आत्मा आउदा खेरी पुरै शरीरलाइ नै मन्दिर बनाउनुहुन्छ ।

१ थिस्लोनिकी ५:२३ [23]शान्तिको स्रोत परमेश्वर स्वयंले तिमीहरू उहाँमा हुनेहरूलाई पवित्र पारून भन्ने हाम्रो प्रार्थना छ। हाम्रो प्रार्थना छ कि तिमीहरूका सम्पूर्ण आत्मा , प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्ट आँउदा पूर्णरूपले दोषरहित बनाइ राख।

सबै भन्दा पहिला प्राण भन्दा पहिला आत्माको कुरा लेखेको छ। हामी हाम्रो मन , प्राण र शरीर हाम्रो सोच बिचार पवित्र हुनु पर्छ भन्छौ तर आत्माको बारेमा हामी सोच्दै सोच्दैनौ ।

२ कोरन्थी ७:१ रा साथीहरू! हामीले परमेश्वरबाट यी प्रतिज्ञाहरू पाएकोछौं। यसकराण हरेक किसिमको अशूद्धताबाट हाम्रा शरीर वा हाम्रा अत्मालाई पवित्र पर्छ। हाम्रो जिउने तरिकामा परिपक्क हुने कोशिश हामीले गर्नुपर्छ, किन कि हामी परमेश्वरलाई आदर गर्छौं।

पहिला हामीले हाम्रो आत्मालाइ पबित्र गरेनौ भने हाम्रो प्राण अर्थात शरीर पनि पवित्र हुन सक्दैन। आत्माको मैला भनेको

इजकीएल २८:१५,१७ [15]तिमी असल अनि ईमान्दार थियौं जब मैले तिमीलाई बनाएँ। तर त्यसपछि तिमीमा दुष्ट कुरो पाइयो।
[17]तिमी आफ्नो सुन्दरताको कारण घमण्डी भयौं, तिम्रो घमण्डले तिम्रो बुद्धि नष्ट पार्यो, यसैकारण मैले तिमीलाई तल जमीनमा ल्याएँ अनि राजाहरूको अघि फ्याँकें ताकि तिनीहरू तिम्रो विनाश देख्न सकुन्।

पाप सबै भन्दा पहिला संसारमा सुरु भएको होइन , पाप सबै भन्दा पहिला श्वर्गमा लुसिफर (सैतान)को हृदयमा सुरु भएको हो। सैतान एउटा आत्मा हो। उसको आत्मामा पाप घमण्डको रुपमा आयो। सबै पापको अधर्मको आमा भन्नाले घमण्ड हो। सैतानमा घमण्ड उसको सुन्दरता , ज्ञान , बुद्धि र धनले गर्दा आयो। यदि हामी सित पनि यो तिन कुरा छ भने घमण्ड आउछ र घमण्डले हाम्रो आत्मालाइ मैला बनाउछ। हाम्रो आत्मा घमण्ड देखी सुद्ध भएन भने हाम्रो प्राण पनि सुद्ध हुन सक्दैन र हामी मैलामानै जान्छौ। घमण्डको उल्टा नम्र हुन्छ।

मत्ति ११:२९ [29]मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक, म विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ।

सैतान घमण्डि छ तर येशु नम्र हुनुहुन्छ।

युहन्ना ३:३४ **34** उहाँले जो परमेश्वरद्वारा पठाइएकोछ परमेश्वरको संदेश भन्नु हुन्छ। परमेश्वरले उहाँलाई सीमाहीन आत्मा प्रदान गर्नुभयो।

येशु पुरै आत्माले भरीनु भएको थियो। येशुलाइ बिना नापेर असिमिहित आत्मा दिइएको थियो कारण उहाँ नम्र हुनुहुन्थ्यो। यदि एउटा मान्छे नम्र छैन भने उसलाइ आत्माले भर्न सकिदैन। आत्माले भरिन को लागी पहिला हामी नम्र हुनु पर्छ।

याकुब ४:५,६,७ [5]के तिमीहरू धर्मशास्त्रलाई वेकामे ठान्छौ? यसले भन्छ, "हामीमा परमेश्वरले राख्नु भएका आत्माको निम्ति उहाँ तिव्र डाह राख्नु हुन्छ।"
[6]तर परमेश्वरको दया जो हामीलाई दिइएको छ, त्यो महान छ। धर्म शास्त्रले भनेको जस्तै, "घमण्डी मानिसहरूको विरूद्ध परमेश्वर हुनुहुन्छ, तर उहाँले ती मानिसहरूलाई दया प्रदान गर्नु हुन्छ जो विनम्र छन्।"
[7]यसर्थ तिमीहरू स्वयंलाई परमेश्वरमा अर्पण गर। शैतानको विरोध गर, अनि तिमीहरूदेखि शैतान भाग्नेछ।

येशु अनुग्रह र सत्य लिएर आउनु भयो , पबित्र आत्मा हामीलाइ अनुग्रह दिनुहुन्छ। परमेश्वरले घमण्डिहरुको बिरोध गर्नुहुन्छ कारण परमेश्वर नम्र हुनुहुन्छ। नम्रहरुले मात्र सैतानको सामाना गर्न सक्छन्। घमण्डिहरुले सैतानको बिरोध गर्न सक्दैनन् कारण सैतान पनि घमण्ड हो। येशुले भन्नुभयो सैतान मेरो पास आउदा उसले मेरोमा केहि देखेन कारण सैतानले येशुमा घमण्ड खोजेको थियो त्यो घमण्ड येशुमा उसले पाएन र केहि गर्न सकेन र फर्केर गयो। त्यसैले परमेश्वर हामीलाइ नम्र हुन सिकाउनुहुन्छ। हामी आफैले नम्र बनाउनु पर्छ परमेश्वर हामीलाइ नम्र बनाउनु हुन्न।

फिलिपी २:५ [5]आफ्नो जीवनमा ख्रीष्ट येशूले जस्तै सोच र गर।
[6]ख्रीष्ट आफै हरेक कुरामा परमेश्वर जस्तै हुनुहुन्थ्यो। उनी परमेश्वर बराबरी हुनु हुन्थ्यो। तर उहाँले परमेश्वसित रहेको बराबरीलाई आफ्नो निम्ति राखिनु पर्ने सम्पति झैं मान्नु भएन।
[7]परमेश्वरसित उहाँको ठाँउ उहाँले छोडिदिनु भयो र मानव हुन जन्मनु भयो अनि सेवक हुनु भयो।
[8]जब उहाँ यस पृथ्वीमा हुनुहुन्थ्यो उहाँले आफैलाई खुबै नम्र बनाउनु भयो। उहाँले मृत्यु अँगाल्न सम्म आज्ञाकारी हुनु भयो अनि क्रूसमा मर्नु भयो।

नम्र मान्छे मात्र आज्ञाकारी हुन सक्छ। होइन भने हामी बाहिरी रुपमा मात्र आज्ञाकारी हुन्छौ। जीवन को अन्त सम्म येशु मशिह जस्तै नम्र हुनु पर्छ। जो मन येशुमा थियो त्यहि मन तिमीमा पनि होस् भन्नु को मतलब हो येशु को मन नम्र हो र हामी पनि नम्र हुनुपर्‍यो भनेर भनेको हो।

परमेश्वरको इच्छा पुरा गर्नको लागी हामी आज्ञाकारी हुनुपर्छ र हामी आज्ञाकारी हुनको लागी हामी नम्र हुनु पर्छ अनि मात्र उहाँ सिद्ध इच्छा हामी जान्न सक्छौ र पुरा गर्न सक्छौ । त्यसैले पहिला हाम्रो आत्मामा पवित्र आत्मा आउनुपर्छ । हामी ले कसरी थाहाँ पाउने कि हामी घमण्डि छौ भनेर सबै भन्दा पहिला चिन्ह रिस हो छिट्टो रिसाउने मान्छे घमण्डि हुन्छ । दोस्रोमा इर्ष्या मलाइ अपमान गर्‍यो म अपमानित भए भन्नु पनि घमण्ड को कारण हो । येशुलाइ गिल्ला गरे उसको लुगाहरु सबै च्याते पुरै रुपमा अपमान गरे र पनि उहाँ अपमानित हुनुभएन न त रिसाउनु भयो कारण उहाँमा घमण्ड अलिकति पनि थिएन । येशु जब उहाँको बाबा को मन्दिरलाइ ब्यापार को केन्द्र बनाएकोमा मात्र रिसाउनु भयो । येशु को रिस पापको बिरुद्धमा थियो । मोशा प्रतिज्ञाको देशमा जान सकेनन् कारण एक दिन परमेश्वरको दश आज्ञा लिएर आउदा मान्छेहरु सैतानलाइ पुजा गरीरहेको देख्दा रिसाए , ४० शाल रिसलाइ अधिनमा राखेका थिए तर एक दिन रिस आउदा सबै गयो । मोशाको भित्र त्यति बेला सम्म पनि घमण्ड छुपेर बसेको थियो । घमण्डले हाम्रो जीवनमा धेरै नै नोक्सान लिएर आउछ घमण्ड हाम्रो आत्माको मैला हो । हामी सबैलाइ परमेश्वरले अनन्तकालमा येशु मशिह संगै शाषण गर्नको लागी हामीलाइ बोलाउनु भएको हो । शाषण गर्न र अधिकार गर्ने मान्छे छिट्टो रिसाउने मान्छे कसरी उसले अधिकार चलाउछ ? शावल राजा संग त्यस्तो केहि गुण थिएन राजा बन्नको लागी उ थोरै अल्गो र हेर्नमा थोरै राम्रो थियो तर जब केहि आइमाइहरुले शावललाइ भन्दा दाउदको तारिफ गरे त्यस बेला उसको घमण्ड बाहिर आयो र उसलाइ रिस उठ्यो र उसले दाउदलाइ मार्नको लागी खोजे । त्यसकारणले गर्दा यदि हामीले हाम्रो घमण्डलाइ त्यागेनौ भने हामीलाइ परमेश्वरले श्वर्गदुतहरु माथि अनन्त कालमा न्याय गर्न अधिकार दिनुहुन्न । शावलले आफ्नो अधिकार दुरुपयोग गर्‍यो । नाब भन्ने शहरको सबै पुजाहारीहरुलाइ मार्‍यो । त्यस कारणले घमण्डिहरुलाइ अधिकार दिन सकिदैन । घमण्डिहरुले अधिकार गर्‍यो भने उनीहरुको मुनि भएको मान्छेलाइ उठ्न पनि दिदैनन्। येशुले कहिले पनि आफ्नो अधिकार दुरुपयोग गर्नु भएन । जब पत्रुसले एउटा सिपाहिको कान काट्दा खेरी येशुले भन्नुभयो मैले चाहे भने १२ हजार सख्यामा श्वर्गदुतहरु आउछन् । त्यसैले तेरो चाकु आफ्नो म्यानमा राख भन्नुभयो । सैतानले येशुलाइ परिक्षामा पार्‍यो यदि तिमी परमेश्वरको पुत्र हौ भने यो ढुङ्गालाइ रोटि बनाउ भनेर भन्यो । र साथै तिमीलाइ यो सारा संसारको बैभब म दिन्छु एक चोटि मलाइ दण्डबद गर । महल बाट हाम फाल यि सबै कुराहरु भन्दा येशुले बचन बाट राम्ररी त्यसको सामाना गर्नु भयो । सैतानले येशुलाइ जति नै एक्साए पनि येशुले आफ्नो अधिकारलाइ दुरुपयोग गर्नु भएन किनभने उहाँ अति नै नम्र हुनुहुन्थ्यो । हामी पनि परमेश्वरको अधिनमा बस्यो भने हामीलाइ परमेश्वरको समयमा उठाउनुहुन्छ । होइन भने परमेश्वरले हामीलाइ उठाउनुहुन्न । हामीले आफैले आफैलाइ उठाउन सक्छौ । जसरी शावललाइ मान्छेले उठाए तर दाउदलाइ परमेश्वरले उठाउनु भयो । यदि हाम्रो जीवनमा नम्रता छैन भने हाम्रो उद्धार हुन सक्दैन ।

हिब्रु ६:१ सकारण अब हामीले ख्रीष्ट बारेको प्रारंभिक पाठहरू छोडनु पर्छ र पूर्णता तिर जानुपर्छ। हामी शुरू तिरै फर्कनु हुँदैन। मृत कर्महरूलाई पछि नै छोडेर अनि परमेश्वरमा विश्‍वास गरेर हामीले ख्रीष्टमा हाम्रो जीवन शुरू गरेका थियौं।

सबै भन्दा पहिला मरेको कामहरु बाट पस्चाताप गर्नु पर्छ । नम्रहरुले मात्र आफ्नो कामहरु बाट पस्चाताप गर्न सक्छन् । दोस्रो येशु को काम माथि बिश्वास अर्थात आफ्नै कामहरु छोडेर अर्काको कामको माथि बिश्वास गर्नको लागी पनि नम्र हुनुपर्छ । त्यसकारण धेरै जना श्वर्गको राज्यमा प्रबेस गर्न सक्दैनन् । कारण धेरै मान्छेमा नम्रता छैन । घमण्डले भरेको छ । धरमको मान्छेहरु पनि घमण्डि हो । उनीहरु को घमण्ड म त त्यो जस्तो होइन म त बाइबल पढ्छु , उपवास बस्छु , प्रार्थना गर्छु दशं अशं दिन्छु । यसको मतलब हो उ संग नम्रता नै छैन । त्यसकारणले उसको जीवनमा उद्धार आउन सक्दैन कारण उसले आफुले गरेको काममा बिश्वास गर्छ , येशुको काममा होइन । त्यसकारणले उद्धारको शुरुवात नै नम्रता देखी हुन्छ ।

याकुब १:२१ [21]यसर्थ तिमीहरूको जीवनबाट हरेक दुष्ट कुरा अनि दुष्ट कर्म बाहिर फ्याँकिदेऊ। विनम्र बन अनि परमेश्वरको वचन स्वीकार जो परमेश्वरले तिमीहरूको हृदयमा रोपिदिनु भएको छ। यो उपदेशले तिम्रो जीवनलाई बचाउँनेछ।

जसले पनि परमेश्वरको बचन सुन्दछन् सबैले परमेश्वर को बचन ग्रहण गर्दैनन् ।

युहन्ना १:१४ [14]वचन शरीर हुन आए र हामी माझ बसे। हामीले उहाँको महिमा देख्यौं, अनि हामीले पिताका एकमात्र पुत्रको महिमा जस्तो उहाँको महिमा देख्यौं। वचन अनुग्रह र सत्यताले पूर्ण थियो।

येशु हाम्रो माझमा अनुग्रह र सत्यले पुर्ण हुनुहुन्थ्यो । त्यसको मतलब हो उहाँ अतिनै नम्र हुनुहुन्थ्यो । पुरानो नियमको सबै भन्दा माहान ब्यक्ति मोशा थिए , उनले ब्यबस्था लिएर आएका थिए ।

गन्ती १२:३ [3]मोशा अति नै विनम्र मानिस थिए। पृथ्वीमा तिनी कुनै पनि मानिस भन्दा अधिक विनम्र मानिस थिए।

त्यति बेलाको समयमा मोशा सबै भन्दा नम्र र आत्माले भरीएका मान्छे थिए । त्यसकारणले उनले परमेश्वरको ब्यबस्था लिएर आउन सके । त्यसै गरी नयाँ नियममा येशु सत्य र अनुग्रहले भरीएका थिए , त्यसकारणले उहाँले नयाँ करार लिएर आउनुभयो । उद्धार पछि बिश्वासमा अगाडि बढ्नको लागी नम्रता चाहिन्छ ।

१ पत्रुस ५:५ [5]हे युवकहरु, तिमीहरुलाई पनि मेरो केही भन्नु छ। तिमीहरुले अग्रजहरुको अधीन स्वीकार गर्नु पर्छ। तिमीहरु सबै एक अर्कामा अत्यन्त विनम्र हुनुपर्छ।"परमेश्वर अहँकारी मानिसहरुको विरुद्ध हुनुहुन्छ, तर उहाँले विनम्र मानिसहरुलाई अनुग्रह प्रदान गर्नुहुन्छ।

नम्र नहुने मान्छे अर्काको अधिनमा बस्दैन । घमण्डले गर्दा नै सैतान परमेश्वरको अधिनमा बसेन । कुनै पनि ब्यक्ति अर्काको अधिनमा बस्नको लागी उसमा नम्रता हुन जरुरी छ । जो नम्रतामा बस्छन् त्यसलाइ परमेश्वरले अनुग्रह दिनुहुन्छ ।

रोमी ५:२ [2]ख्रीष्टको माध्यम र हाम्रो विश्वासको कारण हामीले अनुग्रहमा प्रवेश पाएकाछौं जहाँ हामी अहिले उभिएकाछौं अनि परमेश्वरको महिमा पाउने आशामा हामी आनन्द मनाइरहेछौं।

बिश्वास छ अनुग्रह पाउछ , बिश्वास छैन भने अनुग्रह पाउदैन , बिश्वास पाउनको लागी नम्र हुनुपर्छ । नम्र छैन भने बिश्वास पाउदैन । हिब्रु ११:१ देखी ६ सम्म हेर्दा त्यस अध्यायमा लेखेको धेरै ब्यक्तिहरु बिश्वासको अन्त सम्म बिश्वासमा चलेनन् । गिदोन , श्यामशोन सबै जना घमण्डि भए । घमण्ड आए पछि बिश्वास र अनुग्रह रोकियो । यो तिन वटै कुराहरु परमेश्वरले जोडेको छ । किनभने हामीलाइ परमेश्वरले बिश्वासमा चल्नको लागी बोलाउनु भएको हो । बिश्वासमा एक दुइ काम गर्नको लागी होइन बिश्वासमा हामीलाइ जीउनको लागी बोलाउनु भएको हो । सदरक मिसरक र अदनेजर को बारेमा दानियलको बारेमा हामी उनीहरुको जीवन हेर्दैनौ हामी उनीहरुले गरेको काम हेर्छौ दानियलले सिहको मुख बन्द गर्‍यो भनेर भन्छौ । दानीएलले आफ्नो जीवन भरी परमेश्वरमा नम्रतामा , बिश्वासमा र उहाँको अनुग्रहमा नै चले उनी एक दिनमा त्यहाँ पुगेका होइनन् । तर हामी उसले एक दिन सिहको मुख बन्द गरेको मात्र हेर्छौ । बिना नम्रतामा हामीले परमेश्वरको काम गर्छौ भने परमेश्वरले नै हाम्रो बिरोध गर्नुहुन्छ ।

[14]परमेश्वरका साँचो छोरा-छोरीहरू भनेका ती नै हुन् जो परमेश्वरकै आत्माद्वारा डोर्याइएका हुन्छन्।

आत्मा द्वारा सदै चलाउनको लागी हामीलाइ नम्रता चाहिन्छ ।

युहन्ना १६:८ [8]जब सहायक आउँछन्, उहाँले संसारलाई यी विषयहरूमा प्रमाण दिनु हुनेछः पापको विषय, धार्मिकताको विषय र न्यायको विषयमा।

पवित्र आत्मा जब एक ब्यक्तिमा आउछ पवित्र आत्माले सबै भन्दा पहिला त्यस ब्यक्तिको जीवनमा पापलाइ देखाउनुहुन्छ । हामीहरुको प्राणको मैला , शरीरको मैला ,आत्माको मैला सबै देखाउनुहुन्छ । उदारहणको लागी हामी बिहान सबै भन्दा पहिला उठ्दा खेरी मुख धुनको लागी वास बेसिनमा जान्छौ वास बेसिनको माथि ऐना राखेको हुन्छ ऐनाको मुनि पानी । जब हामी ऐनामा हाम्रो मुखमा मैला देख्छौ त्यसलाइ सफा गर्नको लागी पानी चलाउछौ । त्यसै गरी हामी पनि बिहानै आत्मा अगाडि गएर बस्छौ भने आत्माले हामीलाइ हाम्रो मैला देखाउने काम गर्नुहुन्छ । त्यो मैला हाम्रो जीवनमा देख्नको लागी सबै भन्दा पहिला हामी नम्र हुनु पर्छ । सैतानमा घमण्ड आयो परमेश्वरले श्वर्ग बाट धर्तिमा फ्याकिदिनु भयो । त्यस पछि उ अदनको बगैचामा आएर आदम र हब्वालाइ छल गर्‍यो र उनीहरु पापमा गिरे । आदम र हब्वा पापमा गिर्दै गिर्दै उनीहरुमा घमण्ड आयो । घमण्ड आएको कारणले परमेश्वरले उनीहरुलाइ अदनको बगैचा बाट निकाल्न पर्‍यो । पवित्र आत्मा सबै भन्दा पहिला हामीलाइ हाम्रो पाप देखाउनुहुन्छ तर आदमले आफ्नो पाप स्वीकार गरेनन् उनले मैलै खाएको होइन तपाइले दिएको स्त्रीले गर्दा हो भनेर भने । त्यस कारणले त्यस पछि उनको बिश्वासको जीवन अगाडि बढ्न सकेन । यदि मान्छे नम्र हो भने राति सुत्दा र्निदोष भएर सुत्छ र फेरी बिहान उठेर पिता म मा केहि पनि पाप छ भने मलाइ देखाउनुहोस् ताकी म त्यसलाइ सफा गर्न सकु भनेर भन्छ । हामी मन्दिरमा जाने होइन हामी नै परमेश्वरका मन्दिर हौ । त्यसैले हामीलाइ हर दिन पवित्र आत्मा हाम्रो सानो सानो गल्ति देखी लिएर सबै हामीमा भएको पाप हामीलाइ देखाउनुहुन्छ , कारण एक दिन हामी उत्तराधिकारी हुन्छौ र त्यस पछि हामीले न्याय गर्नु पर्छ श्वर्गदुतहरुको माथि पनि न्याय गर्नु पर्छ । त्यस न्यायको शिहासणमा बस्नको लागी नम्रताको गुण हामीलाइ चाहिन्छ ।

भजनसग्रह ३२: मानिस खुशी हुन्छ जसका पापहरू क्षमा गरिएका छन्। त्यो मानिस एकदमै भाग्यमानी हो जसका पापहरू मेटिएका छन्।
[2]त्यो मानिस खुशी हुन्छ जब परमप्रभुले त्यो दोषी होइन भनिदिनु हुन्छ। त्यो मानिस एकदमै भाग्यमानी हुन्छ जब उसले आफ्ना निजी पापहरू लुकाउँदैन।
[3]परमेश्वर मैले तपाईंलाई घरिघरि प्रार्थना गरें। तर मैले आफ्ना गुप्त पापहरूको विषयमा कुरा गरिनँ। जतिपल्ट प्रार्थना गरें, उतिपल्ट म कमजोर हुँदै गएँ।
[4]परमेश्वर, तपाईंले मेरो जीवन रात-दिन कठिन भन्दा कठिन बोझ बनाउनु भयो। म ग्रीष्म ऋतुमा सुक्खा जमीन जस्तो भएँ।
[5]तर त्यसपछि मैले आफ्ना सारा पापहरू परमप्रभु समक्ष स्वीकार गर्ने निर्णय लिएँ। परमप्रभु, मैले आफ्ना पापहरू तपाईंलाई भनें। मेरा दोषहरु तपाई देखि कुनै पनि लुकाइँन। अनि तपाईंले मेरो सारा पापहरू क्षमा गरिदिनु भयो!
[6]यही कारणले गर्दा, परमेश्वर, तपाईंका सम्पूर्ण भक्तजनहरूले तपाईंलाई प्रार्थना गर्नु पर्छ। तपाईंका भक्तजनहरूले ठूलो बाढी जस्ता संकटहरू आईपरे तापनि तपाईंलाई प्रार्थना गर्नुपर्छ।
7 हे परमेश्वर, तपाई मेरो लुक्ने ठाउँ हुनुहुन्छ, तपाई मलाई संकटहरूबाट रक्षा गर्नुहुन्छ। तपाई मलाई चारैतिरबाट घेरेर रक्षा गर्नुहुन्छ। यसैले जुन तरिकाले मलाई बचाउनु भयो त्यसको गीत गाउँदछु।

जब सम्म हामी हाम्रो पाप मान्दैनौ तब सम्म हामी परमेश्वरमा नम्र भएर जान सक्दैनौ र क्षमा माग्दैनौ । नम्र ब्यक्ति परमेश्वरको नजिक जान सक्छ र गएर आफ्नो पापको स्वीकार गर्छ र त्यसको क्षमा माग्छ र छुटकाराको गित गाउन सक्छ । नम्र ब्यक्तिले मात्र पाप मान्न सक्छ आदममा घमण्ड भयो पाप मानेन , हब्वा घमण्डि भइन् पाप मानिनन् । कैनले आफ्नै भाइको हत्या गरे पछि पनि उसले आफ्नो पाप मानेन खोइ तेरो भाइ भनेर परमेश्वरले सोध्दा के मेरो भाइको म गोठाला हु र ? त्यसकारणले घमण्डले भरेको मान्छे आफ्नो पाप मान्दैन । हामी कहिले कहिले फारसी जस्तो सोच्ने गर्छौ म त मण्डलि जान्छु मेरो शरीरमा त केहि समस्या छैन । सेवामा हुने ब्यक्तिहरु होसियार हुनुपर्छ । किनभने सेवामा धेरै आशिषहरु आउदा मान्छेमा घमण्ड आउन सक्छ । त्यस पछि उसलाइ सिधा बनाउनको लागी परमेश्वरले मान्छेलाइ पठाउन सक्नुहुन्न । घमण्ड भयो भने फेरी परमेश्वर संग अगाडि बढ्न सक्दैन । बरदानहरु दिए पछि परमेश्वरले त्यसलाइ फेरी फर्काएर लिनुहुन्न शिमशोन आत्मामा मैला भएपछि पनि बरदानमा चल्यो । पवित्र आत्माको बरदान छ र फल पनि छ यि दुइ अलग अलग हुन् । त्यसैले बरदानमा चल्नेहरु अझ बढि होसीयार हुनुपर्छ कारण बरदानमा चल्ने मान्छेमा छिट्टै घमण्ड आउन सक्छ । येशु मशिह पुरै बरदानमा चल्नुभयो धेरै अचम्मको कामहरु गर्नु भयो र पनि उहामा घमण्डले बास गर्न सकेन उहाँ अतिनै नम्र हुनुहुन्थ्यो । त्यसै गरी पावलले पनि उसको जीवनमा धेरै अचम्मको काम गर्‍यो

र पनि उ नम्र थियो त्यसैले एक दिन परमेश्वरले उसलाइ आत्मामा तेस्रो श्वर्गलोकमा लिएर जानुभयो । मान्छेले नसुन्ने कुराहरु उ संग बोल्नुभयो । कसैलाइ पनि थाहाँ छैन परमेश्वरले पावल संग के भन्नुभयो भनेर ,परमेश्वरले पावललाइ प्रकास दिनुभएको कारण उसमा घमण्ड आउछ भनेर परमेश्वरले पावललाइ शरीरमा एउटा बाधा पनि हालिदिनु भयो । किनभने घमण्ड आयो भने पावल परमेश्वरको असल सेवक गिर्न सक्थे । परमेश्वरले आफुले चुनेको सेवकलाइ पनि एउटा बाधा दिनुभयो कारण उसको आत्माको सुरक्षा गर्नको लागी किनकी घमण्डले नास ल्याउछ । धेरै ठुला ठुला सन्तहरुको जीवनमा परमेश्वरले बाधाहरु दिनुभयो त्यस बाधालाइ परमेश्वरले उनीहरु घमण्डमा नगिरोस् भनेर कहिलै पनि उनीहरुको जीवन बाट निकाल्नु भएन । सबै भन्दा ठुलो पाप भनेको घमण्ड हो , घमण्ड हुने मान्छेको उद्धार हुन सक्दैन । हामीले सन्तहरुको जीवनलाइ हेर्दा खेरी उनीहरुको जीवनको बाधाहरु हेर्दा याकुबले श्वर्गदुत संग लडाइ गरेर जीते पछि उ संग घमण्ड नआओस् भनेर परमेश्वरले उसको जीवनमा एउटा बाधा दिनुभयो र उ लङ्गडा भयो । मान्छेहरुले हेर्दा खिसि गरे हिजो सम्म राम्ररी हिड्ने मान्छे आज लङ्गडा भएको छ । तर मान्छेहरुलाइ थाहाँ छैन  अब उ याकुब होइन उ इस्रायल भएको थियो । त्यसकारण हाम्रो शरीरमा खाना खाने कुरा ,हाम्रो शरीरमा  गर्ने कुरा सबै ठिक हेला , प्राणमा पनि ठिक होला तर आत्मामा के छ ? त्यसकारणले पावलले भन्छन् ब्यबस्थाको अनुसार म र्निदोष छु । ब्यबस्थाको अनुसार र्निदोष हुने मान्छे एक दम घमण्डि हुन्छन् । उनीहरुको बाकि मान्छे संग संगति नै हुन सक्दैन । येशु मशिह सबै संग संगति गर्न सक्नुहुन्छ निकोदोमस संग संगति गर्न सक्नुहुन्छ । नानीहरु संग संगति गर्न सक्नुहुन्छ कारण उहामा घमण्ड थिएन । अनुग्रह बिना हामीले हाम्रो पापहरु निकाल्न सक्दैनौ । अनुग्रह द्धारा हामी हाम्रो सबै पापहरु निकाल्न सक्छौ ।

रोमी ६:१४ [14]पाप तिम्रो स्वामी हुनेछैन। किन? किनभने तिमी व्यवस्थाको अधीनमा छैनौ। तिमीहरू अब परमेश्वरको अनुग्रहमा छौ।

अनुग्रहमा चल्ने मान्छे पापको माथि जित्छ । ब्यबस्थाले त घमण्ड लिएर आउछ । हामी अनुग्रह को अधिनमा हौ भने पापको अधिनमा हुदैनौ र अनुग्रह को अधिनमा हुनको लागी नम्र हुनु जरुरी छ , र मात्र पापको राज्य माथि अधिकार प्राप्त हुन्छ । येशुले कहिलै पनि पाप गर्नु भएन कारण उहाँ अनुग्रहले भरिनु भएको थियो कारण उहाँ अतिनै नम्र हुनुहुन्थ्यो ।

भजनसग्रह ३२:८ [8]परमप्रभु भन्नुहुन्छ, "म तँलाई शिक्षा दिनेछु र कुन तरिकाले बाँच्नु पर्ने हो सो म सिकाउनेछु। म तिम्रो रक्षा गर्नेछु र पथ-प्रदर्शक हुनेछु।

यहाँ तिन कुरा भनेको छ । शिक्षा दिन्छु , सिकाउनेछु , र अगुवाइ गर्नेछु ।

युहन्ना १६:१३ [13]तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ त्यही बताउनु हुन्छ।

सत्यको आत्माले सत्यमा डोर्याउनको लागी नम्रहरुलाइ मात्र सक्नुहुन्छ । उहाँले सबै कुरामा अगुवाइ गर्नुहुन्छ , सिकाउनुहुन्छ त्यति मात्र नभएर आखाँले अगुवाइ गर्नुहुन्छ को मतलब हुन्छ आखाँको इसारा बुझ्नको लागी गहिरो सम्भन्ध हुन जरुरी छ त्यस्तो गहिरो सम्भन्ध स्थापित गर्नुहुन्छ । यो सबै आत्माले हाम्रो जीवनमा गर्नको लागी नम्र हुनु पर्छ । घमण्डि संग परमेश्वर गहिरो सम्भन्ध राख्नु हुन्न । हाम्रो शरीरमा भएको पाप , प्राणमा भएको पाप र आत्मामा भएको पापलाइ हामीले हटाउनु पर्छ अनि मात्र परमेश्वर र हामी बिचको सम्भन्ध अतिनै घनिष्ट हुन्छ जाहाँ हामी उहाँको एक आखाँको इसाराले गरेको अगुवाइ हामीले बुझ्न सक्छौ । येशु र आत्माको सम्भन्ध त्यस्तै थियो आत्माले आत्मालाइ छुदै सबै कुरा बुझ्नुहुन्थ्यो । हामीलाइ दुइ वटा कुरा मात्र चाहिन्छ एउटा येशुले गरेको काम र उहाँको बचन र दोस्रो पबित्र आत्मा को अगुवाइ यो दुइ वटा हाम्रो जीवनमा नहुनु कारण हामीमा रहेको पाप हो  र त्यो पाप हाम्रो घमण्ड हो । मेरो इच्छा कि परमेश्वरको इच्छा घमण्डिहरु आफ्नै इच्छामा जीउन चाहन्छन् र त्यसको लागी आत्मा संग सामर्थ माग्छन् । त्यसैगरी परमेश्वरको इच्छामा जीउनेहरु पनि परमेश्वरको इच्छामा जीउनको लागी आत्माको सामर्थ माग्छन् ।

हिब्रु १२:४ [4]तिमीहरू पापको विरूद्ध लडदैछौ, तर अहिले सम्म तिमीहरूलाई रगत बगाउनु पर्ने अवस्थासम्म पुगेका छैनौ।

परमेश्वरको इच्छा पुरा गर्नको लागी आफ्नै इच्छाको बिरुद्धमा लडाइ गर्नु पर्छ । येशुले गेतसमनीको बगैचामा आफ्नो इच्छाको बिरुद्धमा लडाइ गर्नु भयो उहाँको इच्छा थियो र परमेश्वरको इच्छा पनि थियो र पनि उहाँले पापको बिरुद्धमा लडाइ गरेर परमेश्वरको इच्छा पुरा गर्नुभयो ।

[5]तिमीहरू परमेश्वरका पुत्रहरू हौ, त्यसैकारण तिमीहरूलाई उहाँले अर्ती दिनुहुन्छ। तिमीहरूले उहाँका शब्दहरू भुलेका छौ"मेरो छोरा! परमेश्वरको अनुशासन हल्कासित नलेऊ, तिमी हताश नबन, जब प्रभुले तिमीहरूलाई सुधार्नुहुन्छ।

[6]प्रभुले जसलाई प्रेम गर्नुहुन्छ, उहाँले तिनीहरूलाई अनुशासित गर्नुहुन्छ जसलाई आफ्नो छोरा ठान्नुहुन्छ प्रत्येकलाई उहाँ दण्ड दिनुहुन्छ।'

[7]त्यसैले हरेक दुखलाई पिताको अनुशासन सम्झेर सहनु पर्छ। जसरी पिताले पुत्रलाई सजाय दिन्छन् उसरी परमेश्वरले पनि तिमीलाई सजाय दिनुहुन्छ। सबै छोराहरूले आफ्ना पिताबाट सजाय पाउँछन्।

कति चोटि परमेश्वरको हात हाम्रो जीवनमा छ कि छैन हामीलाइ थाहै हुदैन हामीलाइ पक्का नै छैन कि हाम्रो उद्धार हुन्छ कि हुदैन । किनकी हामी नम्रताको साथ परमेश्वरमा आफुलाइ समर्पण गरेकै हुदैनौ । शावल र दाउदमा शावललाइ शिक्षा दिनलाइ शामुयल थिए र पनि शावलले शामुयलको शिक्षा ग्रहण गरेन तर दाउदलाइ शिक्षा दिनको लागी कोहि पनि थिएनन् , र पनि दाउदले आफैले परमेश्वरको बचन स्वीकार गरे । शावल संग संसारकै उत्तम शिक्षक शामुयल भएर पनि शावलले केहि पनि सिकेनन् कारण उनी घमण्डि थिए तर दाउद संग सिकाउने कोहि नभए पनि उनले परमेश्वरको शिक्षा सिके कारण उनी नम्र थिए । त्यसकारण हामी जति सुकै ठुलो सेमिनारमा गए पनि जति सुकै ठुलो प्रचारक बाट बचन सुने पनि हामी बचन ग्रहण गर्न सक्दैनौ यदि हामीमा नम्रता छैन भने । घमण्डिहरुले परमेश्वरको बचन सुन्न र बुझ्न सक्दैन ।

१ कोरन्थी १२:४ [4]आत्मिक वरदानहरू थरिथरिका हुन्छन् तर ती सबै एउटै आत्माबाट हुन्छ।
[5]सेवा गर्ने विभिन्न तरिकाहरू छन्। सबै ती उपायहरू एउटै उही प्रभुबाट हो।
[6]अनि परमेश्वरले मानव जातिमा गर्ने कामका उपायहरू एउटै परमेश्वरबाट हुन्। प्रत्येक कुरो गर्न परमेश्वरले हामी सबैमा काम गर्नु हुन्छ।
[7]प्रत्येकमा आत्माको उपहार देख्न सकिन्छ। आत्माले सबैको भलोको निम्ति उपहार दिन्छ।

बरदान दिने आत्मा , सेवा गर्ने येशु, मान्छेमा काम गर्ने परमेश्वर पिता यी तिन जना सँगै मिलेर काम गर्नुहुन्छ । हामीलाइ बरदान अर्काको फाइदाको लागी दिइएको हो । संसारमा मान्छेले बरदान दिदा आफ्नै फाइदाको लागी दिन्छन् तर परमेश्वरले हामीलाइ बरदान दिदा अर्काको फाइदाको लागी दिनुहुन्छ । परमेश्वरले हाम्रो केहि पनि क्षमता बिना नै यि बरदानहरु दिनुहुन्छ ।

[11]एउटै आत्मा, अनि त्यही आत्माले यी सब थोक गर्छ। प्रत्येकलाई के दिनु पर्ने त्यो आत्माले नै निर्णय गर्छ।

परमेश्वरले आफ्नो इच्छाले मान्छेहरुलाइ अलग अलग बरदानहरु दिनुहुन्छ त्यसमा कसैलाइ चंगाइ गर्ने , कसैलाइ अगमवाणि बोल्ने , कसैलाइ सपनाको अर्थ खोल्ने आदि इत्यादि तर यो बरदानहरु कसैको क्षमताको कारण ज्ञान बुद्धिको कारण पाएको होइन यो सित्तैको बरदान परमेश्वर को इच्छा अनुसार मान्छेले पाउछन् । जो संग पुरा बरदान छ भने त्यो उसको चरीत्रको कारण होइन उसको चरीत्र को न्याय भएको हुदैन । बरदानहरु आफ्नै फाइदाको लागी प्रयाग गर्नु हुदैन कारण बरदानहरु आफ्नो फाइदाको लागी नभएर अर्काको फाइदाको लागी परमेश्वरले उहाँको इच्छा अनुसार हामीले त्यस बरदानको लागी केहि नगरी सित्तैमा दिनु भएको हो । पावलले प्रार्थना गरेको रुमाल अर्काको शरीरमा राख्दा रोगहरु निको हुन्थ्यो तर पावलले त्यो रुमाल बेचेन तर आजकल मान्छेहरु रुमाल बेच्छन् । हामीले हाम्रो बरदानहरु बेच्नुहुन्न ।

२ कोरन्थी ७:१ रा साथीहरू! हामीले परमेश्वरबाट यी प्रतिज्ञाहरू पाएकोछौं। यसकराण हरेक किसिमको अशूद्धताबाट हाम्रा शरीर वा हाम्रा अत्मालाई पवित्र पर्छ। हाम्रो जिउने तरिकामा परिपक्क हुने कोशिश हामीले गर्नुपर्छ, किन कि हामी परमेश्वरलाई आदर गर्छौं।

शरीर , प्राण र आत्माको सबै मैलालाइ सफा गर्नको लागी एउटै मात्र उपाए छ त्यो हो आफ्नो घमण्डलाइ त्यागेर नम्र भएर जीउनु पर्छ । त्यस पछि परमेश्वरले हामीलाइ अनुग्रह गर्नुहुन्छ यदि हाम्रो जीवनमा परमेश्वरको अनुग्रह छ भने पाप हाम्रो जीवनमा बास गर्दैन । त्यसैले आफुले आफैलाइ नम्र बनाउदै जानु पर्छ त्यस पछि परमेश्वरको अनुग्रह सदा सर्वदा हामीमा बास गर्नुहुन्छ । सैतान नम्रहरुको अगाडि टिक्न सक्दैन भागिहाल्छ । नम्रतामा परमेश्वरको अगाडि हामी हर दिन अगाडि बढ्नु पर्छ । त्यसैले येशुले भन्नुभयो म देखी सिख तिमीहरु बिनम्र बन कारण म विनम्र छु । हामी आफैले आफैलाइ नम्र बनाउनु पर्छ कारण परमेश्वरले हामीलाइ नम्र बनाउनु हुन्न त्यसैले हामी नम्र बन्नको लागी बिहानै बिहानै उठेर परमेश्वरको चरणमा गएर परमेश्वर संग उहाँको अनुग्रहको लागी बिन्ति गर्नु पर्छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद पिता यो शिक्षा ग्रहण गर्नको लागी हामी सबैलाइ अनुग्रह गर्नुहोस् प्रभु । प्रभु जस्तो सुकै अवस्था आए पनि हामीलाइ हर पल नम्र भएर जीउनको लागी पवित्र आत्मा हामीलाइ सिकाउनुहोस् । येशु सत्य लिएर आउनु भयो । तपाइको सत्यले र तपाइको अनुग्रहले मात्र हामीलाइ स्वतन्त्र गर्न सक्छ त्यसको लागी हामी नम्र हुनुपर्छ अनि मात्र तपाइको अनुग्रह र सत्यले हामीलाइ स्वतन्त्र गर्छ । प्रभु एक दोस्रोको अधिनमा चल्नको लागी हमीलाइ सिकाउनुहोस् । हामी अन्त सम्म बिश्वासमा चल्न र धार्मीकताको मुकुट पाउन हामीलाइ सहायता गर्नुहोस् जसरी पावल अन्त सम्म बिश्वासमा चल्यो र धार्मीकताको मुकुट पायो । कारण पावलमा घमण्ड थिएन । यो सबै बिन्ति प्रार्थना चढाउछु येशु प्रभुको नाममा आमेन ।*